# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
## पुल्चोक, ललितपुर

**प्रेस विज्ञप्ति**

मितिः- २०७५/११/१३

महानगरीय प्रहरी अपराध महाशाखाको च.नं. १८४ मिति २०७१/४/१९ को पत्रसाथ मिति २०७१/४/१५ मा बरामदित रकम रु. १३००००००।-(एक करोड तीस लाख) यस विभागमा दाखिला हुन आएकोमा उक्त बरामद भई आएको रुपैया उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ एवं अनुसन्धान गर्दा उक्त रकम विना भिसा र विना राहदानी नेपाल प्रवेश गरेका China City Seoyang घर भै तत्कालीन समयमा का.जि. का.म.न.पा-२९ ठमेल बस्ने चाइनिज नागरिक LI-XIAOFENG को भन्ने खुल्न आएको र उक्त रकम निजले नेपालमा गैरकानूनी स्रोतबाट आर्जन गरी तातोपानी नाकाबाट चीनतर्फ स्थानान्तरण गराई सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा(१) को देहाय खण्ड (क)(ख) र (ग) निषेधित कार्यहरु गरी गराई सोही दफाको उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी समेत जना-३ का विरुद्ध सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुनको साथै बरामद भै हाल विभागको धरौटी खातामा जम्मा दाखिला रहेको रकम रु. १३००००००।- (एक करोड तीस लाख) समेत सोही ऐनको दफा २८(२) तथा दफा ३४(१) बमोजिम जफत हुन मागदावी लिई आज मिति २०७५/११/१३ गते विशेष अदालत काठमाडौँमा अभियोग पत्र पेश गरिएको छ।

प्रवक्ता